गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुरा, रुपन्देही
५ नं. प्रदेश, नेपाल

प.सं. ०७६।७७
च.नं.

मिति :२०७६।१२।२०

## विषय :- विज्ञप्ती ।

मिति २०७६ साल चैत्र १९ गतेका दिन सामाजिक संजालमा यस गैडहवा गाउँपालिकाले भारत तथा तेश्रो मुलुकवाट आएका नागरिकहरुलाइ covid -19 को संक्रमण फैलिन नदिन र सर्वसाधारण समेत वाहिरवाट आएका व्यक्तिवाट त्रसित नहुन् भन्ने अभिप्रायले संघिय सरकारको निर्देशन अनुसार यस गा.पा.ले स्थापना गरेको क्वारेन्टाइन श्री नवदुर्गा मा.वि. ठकुरापुरमा संचालन भएको सुखद जानकारी गराउदछौं । उक्त क्वारेन्टाइनमा हाल सम्म भारत वाट आएका १३ जना व्यक्ति हरुलाई निजहरुको स्वास्थ्य अवस्थाको वारेमा लेखाजोखाको लागी राखिएको र परीक्षण कार्यमा उनीहरुमा आजसम्म कोरोनाको भाइरस लाग्दा हुने चिन्ह र लक्षणहरु नदेखिएको र उनीहरुलाइ आवाश्यक पर्ने सामानहरु सिरक, डसना, झुल, नुहाउने व्यवस्था, शौचालय, पानी, विजुली, नास्ता, खाना र बस्नमा कुनै समस्या नरहेको र social media मा सर्वसाधारणलाइ त्रसित हुने गरि केही सामांग्रीहरु पोस्ट गरिएको तर पोस्ट गरेवमोजिम त्यस्ता कृयाकलापहरु नभएको हुँदा social पेजमा विषयवस्तु सम्प्रेषण गर्दा यथार्थ भएको कुरालाई पनि अतिरञ्जित तरीका वाट वङ्गायर केही जिम्मेवार व्यक्ति, कर्मचारी तथा शिक्षकवाट पोष्ट गरेको पाईएको हुँदा अव उपरान्त सत्यतथ्य वुझेर मात्र पोष्ट गर्नुहुन सम्वन्धींत पक्षलाई यस कार्यालय हार्दिक अपिल गर्दछ । सम्वन्धित निकायमा खवर र समन्वय गर्नुको सट्टा यसरी भ्रामक समाचार दिने, सम्प्रेषण गर्ने, यथार्थलाइ वङ्गायर social media मा पोष्ट गर्ने कुनै पनि राष्ट्र सेवक, कर्मचारी, शिक्षक भएमा कानुन वमोजिम कार्वाही समेत गरिने व्यहोरा जानकारी गराउँदछौं साथै यस क्वारेन्टाइनको अवस्था वुझिदिनको लागी राजनितिकदल, नागरिक समाज, शिक्षक, वुद्धिजिविको साथै सम्पुर्ण सरोकारवालाहरुलाई आव्हान गर्दै कमीकमजोरी र अपुग देखिए यस कार्यालय सकारात्मक सुझावको अपेक्षा राख्दछ ।

धन्यवाद

२०७६।१२।२०
चिरञ्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

२०७६।१२।२०
बद्दु केवट
अध्यक्ष